हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : २६४ पृष्ठ : ४ २०७८ वैशाख १२ गते आइतबार (Sunday 25 April 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्टस सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

*सिरहाको पर्साटोलमा आगलागी*

# २ गोठसहित ८ घर जलेर नष्ट, २० लाख बराबरको क्षति

**बिनय यादव**

सिरहा । सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका-२ स्थित पर्सा टोलमा शुक्रबार साँझ करिब ५ बजे भएको आगलागीमा २ गोठसहित ८ घर जलेर नष्ट भएको छ । २० लाख रूपैयाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालय सिरहाको प्रारम्भिक अनुमान छ ।

स्थानीय रवीन्द्र साहको घरबाट अचानक सल्केको आगोले एकै दाजुभाइका ८ घरपरिवारको धनमाल पूर्णरुपमा जलेर नष्ट भएको पीडित





समेत जलेको हो ।

घरमा कोही नभएको बेला अचानक आगलागी भएको वडा नम्बर २ का वडाध्यक्ष धर्मेन्द्र राय दनुवारको भनाइ छ । समयमै बारूण यन्त्र घटनास्थल नपुग्दा बढी क्षति भएको स्थानीयवासीको भनाइ छ । आगलागी भएको झण्डै एक घण्टापछि मात्रै लहान नगरपालिकाको बारूण यन्त्र घटनास्थल पुगेको थियो । लक्ष्मीपुर पत्तारी गाउँपालिकामा हालसम्म पनि बारूण यन्त्र छैन । यसैबीच आगलागी पीडित परिवारलाई जिल्ला विपद व्यवस्थापन समितिबाट नगद, रेडक्रस सोसाइटी सिरहाबाट लत्ता कपडा, त्रिपाल, भाँडाकुडा र वडाबाट खाद्यान्न र नगद वितरण गरिएको छ ।

# उपचार खर्च नभएर विष खाएर आत्महत्या प्रयास

सिरहा । सिरहामा उपचार गर्ने पैसा नभएर एक पुरूषले विष खाएर आत्महत्या प्रयास गरेका छन् । कर्जन्हा नगरपालिका-११ का ४३ वर्षीय श्यामकुमार महतोले शनिबार दिउँसो विष खाएका हुन् ।

उनी विगत केही समयदेखि ब्लड क्यान्सरबाट पीडित छन् । उपचार गराउँदै आए पनि हालसम्म ठीक नभए र थप उपचार गर्न रकम नभएका कारण उनले तरकारीमा छर्ने विषादी खाएको प्रहरीले जनाएको छ । उनको कर्जन्हास्थित फूलकुमारी महतो

बाँकी ३ पेजमा







*यामाहाको एफआई योजना*

# कटहाका रामप्रकाश यादवले पाए एक लाख भन्दा बढीको नगद पुरस्कार



**फिरोज शेख**

लहान । यामाहा नेपालले नयाँवर्ष २०७८ का लागि ल्याएको प्रवर्द्धनात्मक फ्रिडम इनिसिएटेड (एफआई) योजना अन्तर्गत सिरहाका एक जना मोटरसाइकल क्रेताले एक लाख भन्दा बढीको नगद पुरस्कार हात पारेका छन् ।

नवउत्सवलाई रोमाञ्चक एवं बृहत् बनाउँदै यामाहा नेपालले ल्याएको स्क्र्याच कार्ड मार्फत् ग्राहकहरूले २.०७८ लाख रूपैयाँसम्मका सयौं पुरस्कारहरू हरेक हप्ता हात पार्न सक्ने योजना अन्तर्गत लहानमा अवस्थित एस.एस अटो सेन्टर ( यामाहा शो रूम ) मा सिरहा थलहा कटहाका राम प्रकाश यादवले यामाहाको सुलुटो मोटरसाइकल खरिद गर्दा स्क्र्याच कार्ड मार्फत् १ लाख ३ हजार ९०० रूपैयाँ नगद पुरस्कार प्राप्त गर्न सफल भएको एस.एस अटो सेन्टरका संचालक संजिव साहले बताए । संचालक साहका अनुसार नवउत्सवलाई रोमाञ्चक एवं बृहत् बनाउँदै यामाहा नेपालले प्रत्येक महिनाको भाग्यशाली विजेतालाई बम्पर पुरस्कार वापत् २०.७८ लाख रूपैयाँ प्रदान गर्ने घोषणा गरेको छ । साथै स्क्र्याच कार्ड मार्फत् ग्राहकहरूले २.०७८ लाख रूपैयाँसम्मका सयौं पुरस्कारहरू हरेक हप्ता हात पार्न सक्नेछन् ।

ग्राहकवर्गहरूलाई थप सुविधादिने उद्धेश्यका साथ उत्कृष्ट वित्तीय योजनापनि प्रस्तुत गरेको छ । जस अनुसार मोटर साइकलतथा स्कूटरहरू ० प्रतिशत ब्याज वा न्यून डाउनपेमेन्ट र न्यून ईयामआई सुविधाका साथ पाउन सकिने छ । नयाँ वर्षका प्रवर्द्धनात्मक योजनाका बारेमा जानकारी दिदै साहले भने,

बाँकी ३ पेजमा




फ्रेन्डस मोडेल हस्पिटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू

बालरोग विशेषज्ञ — डा. बृजेन्द्र यादव

मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# सम्पादकीय

## लोकतन्त्र दिवस र नेपाली जनता

तत्कालीन राजा ज्ञानेन्द्रले अति महत्वाकांक्षी भएर शासन सत्ता हातमा लिएपछि तत्कालीन ७ दलले संयुक्त मोर्चा बनाएर २०६२/६३को आन्दोलनका लागि अघि बढ्यो । दरबार हत्या काण्डपछि संसद विघटन गरेर सत्ता र शक्ति हातमा लिएर उनी मन्त्री परीषदको अध्यक्ष भए । आर्यघाट जानलागेका दुई बुढा भूपू प्रम तुलसी गिरि र कीर्तिनिधि बिष्टलाई उपाध्यक्ष बनाए । एकातिर दरबार हत्याकाण्ड र अर्कोतिर महत्वाकांक्षी राजाको प्रतिनिधिमूलक संस्था मासेर आफू अकण्ठक सत्तामा रहने र आफूपछि युवराजधिराज घोषित छोरा पारसलाई राजा बनाउने रणनीतिमा उनी थिए । नेपालको राजतन्त्रात्मक इतिहासमा राजा अध्यक्ष बनेको पहिलो घटना थियो । आखिर अध्यक्ष भनेको अध्यक्ष नै हो भने राजा भनेको राजा नै हो । राजा मपको अध्यक्ष बन्नु तत्कालीन राजा ज्ञानेन्द्रको अल्पबुद्धि नै थियो । ठिक त्यहीँ दिनदेखि ज्ञानेन्द्रले आफूलाई अध्यक्ष बनाएर नेपालको इतिहासमा राजतन्त्र सदाको लागि मासे ।

आन्दोलनको हुरीबेहरी एवं जनताको उर्लदो समर्थन पश्चात् २०६३ बैशाख ११ गते लोकतन्त्र पुनःस्थापना भयो । संसद पुनःथापना भयो । हुन त आन्दोलनको राप र तापपछि पनि गिरिजा प्रसाद कोइरालाले बेबी किङ्गको प्रस्ताव राखेकै हुन् । ज्ञानेन्द्र र पारस नमान्दा खासगरी पारसले आफू राजा बन्नै पर्ने लिडेढिप्पी पछि/दरबार नमानेपछि पुनःस्थापित संसदले ०६३ जेठ १५ गते औपचारिक रूपमा गणतन्त्र घोषणा गर्‍यो । ०६३ वैशाख ११ मा स्थापित लोकतन्त्रको १५ औं दिवस हो । लोकतन्त्र आयो, व्यवस्था फेरियो । राजा गद्दी छाडेर नागार्जुन जंगल पसे । जनता र जनजीविकाको सवाल/समस्या ज्युका त्यहीँ रहेका छन् ।

आज १५ औं लोकतन्त्र दिवस मनाइरहदा न जनतामा उत्साह छ, न त नेताहरु देशप्रति समवेदनशील छन् । देशमा अर्थतन्त्र ओरालो लागेको छ । भ्रष्टाचार बढेको छ । हावा र वातावरणमा प्रदुषण बढ्दो छ । यहीबीच कोरोनाको दोस्रो लहरको महामारी बढ्दो छ । कोरानाले देश र जनता त्राहीमाम भएकोबेला लहान नगरपालिका भने शिक्षक सरुवा र खुद्रे विकासमा केन्द्रित छ । भोलिको भयावह स्थितिका लागि आवश्यक तैयारी एवं तैनाथी जरुरी छ । १५ औं लोकतन्त्र दिवस मनाइरहदा जनता, नेता र कार्यकर्तामा कुनै उत्साह देखिएन । कोभिड-१९ अनि लोकतान्त्रिक प्रणालीअनुसार सत्तामा पुगेपछि पनि नेताको उन्माद,हठ, पार्टीभित्र चरम गुटबन्दी, पारदर्शिताको अभाव, बेरोजगारी, भ्रष्टाचार, नेताका गैरलोकतान्त्रिक व्यवहार एवं आचरणले पनि जनतामा निराशाको कालो बादल मडारियो ।

खै त लोकतन्त्र ! लोकतन्त्र गरीब र दुःख धनियाको घरमा चुलो बल्न आएको देखिएन । लोकतन्त्र झुपडीमा आएन बरु ठुल्ठुला मल र महलमा आयो । गोपीचन सदाय र लटु सदायको खाली आङमा भोटो बनेर आएन । लोकतन्त्र गुरुशरण सदाय, राम बहादुर यादव र नवीन्द्रराज जोशीका लागि औषधि बनेर आएन, बरु मृत्यु बनेर आयो । समयमै उपचार पाएन, राज्यको सुविधा लिएनन् । लोकतन्त्र धनलाल तामाङ र उमेश ठकुरीका लागि रोजगार बनेर आएन । उनीहरू अरब र कतारको तातो घाममा उट र भेडा चराएर बसेका छन्, घर परिवार धानेका छन् । देशभित्र रेमिट्यान्स भित्र्याएका छन् । तर हामीकहाँ लोकतन्त्रवादी भनाउँदाहरु चिल्लो कारमा सवार हुन्छन् । राजधानीमा महल ठड्याउँछन् । जनता भने सधैं दुःखी र बेरोजगारी बनेर बस्नुपर्ने बाध्यता छ । कुना पसेर रुनु पर्ने बाध्यता छ । तरुनी छोरीको बिहेमा दाइजो दिन नसकेर राजेन्द्र मोची आफै फासीमा झुन्डिएर अकाल मृत्युवरण गर्नुपरेको छ । घुमीफिरी लोकतन्त्र नेताका महल र व्यपारीका मलमा मात्रै आयो । राजधानीको धरहरा ठडियो तर उहीँ भूकम्पले भत्किएको जनताको घर ठडिएन । त्यसैले लोकतन्त्र अर्को साल जनताको घर ठडिने गरेर आउ, जनताको झुपडीमा आउ । सदाय र तामाङका लागि रोजगार बनेर आउ । अनि गुरुशरण, रामबहादुर र नवीन्द्र जोशीका लागि औषधि बनेर आउ । पार्टीभित्र शुद्धिकरण र सुदृढीकरण दुबै हुनु जरुरी छ । सत्तामा पुगेपछि पार्टीको कुरा मान्दिन भन्ने दम्भले सधैं राजनीतिक अस्थिरता निम्तिएको छ । प्रम ओलीले पुस ५ मा संसद विघटन गरेपछि जुन जोगी आए पनि कान चिरेको भन्ने उदाहरण चरितार्थ गरेका छन् । अब अर्को साल नेताका लागि मात्रै होइन, देश र जनताका लागि सुखद बनेर आउ, लोकतन्त्र स्वागत छ । लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो । सुखद बनेर आउने लोकतन्त्र दिवसको तपाई हामी सबैलाई शुभकामना ।

# अगुवा नै भँडुवा रहेको नेपाली लोकतन्त्र

शयाम श्रेष्ठ



चौध वर्ष कुनै राजनीतिक नेतृत्व र राजनीतिक प्रणालीको समालोचनात्मक समीक्षा र मूल्यांकनको लागि थोरै समय होइन । यस्तो समीक्षा पाँच वर्षमै गर्न खोजेको भए निकै छिटो हुने थियो, ३० वर्षमा गर्न खोजेको भए निकै ढिला गर्‍यो भन्न सकिन्थ्यो । यो त्यस हिसाबले ठिक्कको समय विन्दु हो जसमा उभिएर हामीले नेपालको पछिल्लो लोकतान्त्रिक कालको ऐतिहासिक समीक्षा गर्न सक्छौं ।

**समालोचनात्मक समीक्षा**

नेपालको पछिल्लो लोकतन्त्रलाई पूर्ण संसदीय लोकतन्त्र पनि भन्न सकिन्न किनभने, यसमा निर्वाचित संसदको सर्वोच्चता कायम गरिएको छैन । यसलाई बिशुद्ध समाजवादी ब्यवस्था पनि ठान्न सकिन्न किनभने यसमा सामुदायिक सम्पत्तिको नभएर ब्यक्तिगत सम्पत्तिको सर्वोपरिता स्थापित गरिएको छ । यो संसदीय लोकतन्त्र र समाजवाद-ती दुबैको सम्मिश्रणबाट निक्लेको खच्चड हो । यो नेपाली मोडेलको लोकतान्त्रिक समाजवाद हो जसमा संसदीय लोकतन्त्रजन्य शासन प्रणाली पनि छ र समाजवादी प्रकृतिका शिक्षा-स्वास्थ्य-रोजगारी-गाँस र बास सम्वन्धी आधारभूत नागरिक मौलिक हक पनि छन् । जनावरहरूमा खच्चड मूल जनावरभन्दा निकै तेजिलो हुने गर्छ । परन्तु राजनीतिक प्रणालीमा पाइने खच्चडमा त्यस्तो नहुने सम्भावना पनि प्रबल हुँदो रहेछ । न यसमा हाँसको चाल हुने, न बकुलाको डाल हुने जोखिम पनि त्यत्तिकै हुँदो रहेछ । यस्तो भद्रगोल नेपालको लोकतान्त्रिक समाजवादको बिगत डेढ दशकको अभ्यासमा देखा परेको छ । बिगत डेढ दशकको नेपालको स्थिति यस्तो उदेकलाग्दो रह्यो कि यसमा संसदीय चुनावबाट बहुमत हासिल गरेर ज्यादाजसो कम्युनिस्ट पार्टीको साइनबोर्डधारी दलहरु नै सरकार सञ्चालनको जिम्मेवारीमा आए । २०६३ साल यताको चौध वर्षमा करिब तीन-चार वर्ष बाहेक बाँकी सबै समय वामपन्थी शक्तिकै शासन रह्यो । परन्तु पुँजीवादी संसदीय शासनसत्ता बदल्न गएका कम्युनिस्टहरु सरकारमा पुगेपछि लोकतान्त्रिक समाजवादी समेत बाँकी रहेनन् । उनीहरूले पुँजीवादी शासन सत्तालाई होइन, पुँजीवादी शासन सत्ताले पो उनीहरूलाई आफूअनुकुल पुरापुर रूपान्तरित गर्‍यो । अजिंगरले मृग निले झैं पुँजीवादी संसदीय शासन ब्यवस्थाले उनीहरूलाई टाउकोदेखि खुट्टासम्मै निलेर यसरी हजम् पार्‍यो कि उनीहरु सरकारबाट निक्लँदा कोही पनि आफ्नो पुरानो मौलिक चरित्र र स्वरूपमा बाँकी रहेनन् । क्रान्तिकारी माओवादी कम्युनिस्ट क्रान्तिकारी त के, पुँजीवादी सुधारवादी पनि बाँकी रहेन । सुधारवादी एमाले सुधारवादी त टाढाको कुरा रह्यो, यथास्थितिवादी ब्यवहारवादी पनि बाँकी रहेन ।

हालैको कुरो हो, प्रधानमन्त्रीले ओलीले सिधासिधा संविधान मिचेर संसदको बिघटन गरेपछि यथास्थितिवादी नेपाली कांग्रेस र राष्ट्रिय जनता पार्टीले समेत प्रम ओलीले अगुवाइ गरेको नेकपालाई 'प्रतिगामी' ठहर्‍याएर संघर्षको मैदानमा उत्रिएको धेरै भएको छैन । यहाँसम्म कि संवैधानिक राजतन्त्र पक्षधर प्रकाशचन्द्र लोहनीको राप्रपाले समेत यसलाई 'प्रतिगामी' भन्ने अति लाजलाग्दो स्थिति आएको जगजाहेर छ । अदालतले सच्याएर मात्र, अन्यथा नेपालमा आजका एमाले नेताकै हातबाट संवैधानिक तवरले प्रतिगमन भई पनि सकेको थियो । कम्युनिस्ट क्रान्तिकारी भनेर आफूलाई सगौरव दाबी गरिरहेको, दशवर्षे माओवादी सशस्त्र संघर्षको दरिलो ऐतिहासिक पृष्ठभूमि बोकेर आएको नेकपा माओवादीले संसदको अत्यधिक बहुमतको समर्थनसहित पहिलो संविधानसभाको निर्वाचनपछि सरकार चलाउने ऐतिहासिक मौका नपाएको होइन । नेपालमा तात्विक क्रान्तिकारी परिवर्तनको लागि यो त्यस्तो अवसर थियो जो इतिहासमा हम्मेसी आउँदैन । सारा नागरिकहरु क्रान्तिकारी परिवर्तनका लागि मानसिक र भौतिक रूपले तैयार भएको मौका थियो त्यो । तर त्यो दुर्लभ मौका उसले कुनै पनि युगान्तकारी राजनीतिक तथा आर्थिक-सामाजिक परिवर्तनको काम नगरेर अनाहकमा गुमायो । त्यत्ति मात्र होइन, त्यो समयको सबै दलको सर्वसम्मतिबाट आजको भन्दा निकै प्रगतिशील, समतामुलक समावेशी संविधान जारी गर्ने सम्भावना दैलामै आइपुग्दा पनि त्यो ऐतिहासिक अवसर समेत उसले गुमायो । त्यही गुमाएको ऐतिहासिक अवसर र अक्षम्य भूलको भारी दण्ड त थियो - त्यसपछिका सबै चुनावमा माओवादीको निकै दुब्लो र होचो आकार । २०५० को दशकमै आफूलाई कम्युनिस्ट पार्टीबाट सुधारवादी पार्टीमा रूपान्तरित गरिसकेको तर देशकै सबैभन्दा ज्यादा भुइँतहसम्म संगठनको सञ्जाल फिँजिएको, विद्यमान राजनीतिक पार्टीहरूमध्ये सबैभन्दा संगठित र शक्तिशाली नेकपा एमालेले पनि यसबीचमा देशमा सरकार चलाउने पटक पटक अवसर नपाएको होइन । नयाँ संविधान जारी भएपछि २०७५ सालयता त ऊ पहिले चनावअघि नेकपा माओवादीको समर्थनका साथ, चुनावपछि दुबै पार्टीको एकीकरणबाट नेकपाको नाममा एसियाकै चौथो ठूलो कम्युनिस्ट बन्न पुगेको र झण्डै दुई तिहाइ एकल बहुमतबाट सरकारमा हाबी भएको पनि जगजाहेर छ । देशका सात प्रदेशमध्ये ६ वटामा उसकै एकलौटी सरकार कायम हुन गएको थियो । मुलुकका कुल ७५३ स्थानीय तहमध्ये ५४ प्रतिशतभन्दा ज्यादामा उसको एकलौटी सरकार विद्यमान थियो । माथिदेखि तलसम्म यति ठूलो एकलौटी बहुमतका साथ अहिलेसम्म कुनै पनि दल नेपालमा सरकारमा पुगेको इतिहास थिएन ।

देशमा तात्विक र अर्थपूर्ण राजनीतिक र आर्थिक/सामाजिक परिवर्तनका लागि यो शक्तिले आँट्दा गर्न नसक्ने कुरा केही थिएन । सिंगो देश परिवर्तनका लागि आतुर पनि थियो । अतः परिवर्तनका लागि यो अर्को ऐतिहासिक अवसर थियो । नेल्सन मण्डेला जस्तै १४ वर्ष जेल बसेर आएका पहिलेका नेकपा एमालेका अध्यक्ष केपी ओली स्वयम् सरकारको नेतृत्वमा विराजमान थिए । राष्ट्रवादी छविसहित उनी सरकारमा सुरूमा आउँदा निकै लोकप्रिय पनि थिए । परन्तु रूटिन काम बाहेक अर्थ-सामाजिक जग बदल्ने कुनै पनि युगान्तकारी परिवर्तनको काम नगरेर उनले पनि यो ऐतिहासिक अवसर अनाहकमा गुमाएका छन् । दिन त उनले यसका लागि मुख्य दोष पार्टीभित्रको कलहलाई देलान् । तर मेरो दृष्टिमा पार्टीभित्रको कलह त केवल परिणाम मात्र हो-सरकारमा रहेर पार्टीको घोषणापत्रअनुसार प्रधानमन्त्रीले भटाभट रूपान्तरणकारी लोकप्रिय काम नगर्नुको परिणाम । प्रधानमन्त्री र पहिलो पार्टी अध्यक्षले सहमतिमुताबिक भिन्न मतलाई समेटेर पार्टी सञ्चालन नगर्नु तथा जिम्मेवारी बिभाजन नगर्नुको परिणाम । पुँजीवादी सुधारवादी बिपी कोइरालाले राजा महेन्द्र जस्तो निरंकुश सामन्ती तानाशाहमुनि राजाको प्रशस्त हालिमुहाली भएको २०१५ सालको संवैधानिक राजतन्त्रवादी संविधानअन्तर्गत काम गरेर पनि केवल डेढ वर्ष काम गर्ने अवसर पाउँदा बिर्ता उन्मुलन र राजा रजौटा उन्मुलन जस्तो नेपाली समाजको अर्थसामजिक जग नै हल्लाउने क्रान्तिकारी काम गर्ने भ्याएको तथ्य पनि नेपाली नागरिकले देखेकै कुरो हो ।

माओवादी क्रान्तिकारी पुष्पकमल दाहाल प्रचण्ड र बहुदलीय जनवादवादी सुधारवादी केपी ओलीले २०७२ सालको गणतन्त्रवादी-समाजवादी संविधानअन्तर्गत निष्कण्टक दुई-तीन वर्ष काम गर्न भ्याउँदा पनि त्यस्तो रूपान्तरणकारी काम केही पनि गर्न नसकेको यथार्थ पनि नेपाली समाजले देखे-भोगेकै कुरा हो । यो तीतो यथार्थले बिगत १४ वर्षमा परिस्थिति प्रतिकुल भएका कारणले होइन, नेपाली वामपन्थी राजनीतिक नेतृत्वको इच्छा र अठोट नै नभएर रूपान्तरणकारी काम नभएका हुन् भन्ने निष्कर्ष निकाल्न हामीलाई विवश बनाउँछ । यसले घोषणामा गणतन्त्र आएर, समाजवाद संविधानको लिखोटमा लेखेर मात्र केही हुँदो रहेनछ, त्यसलाई ब्यवहारमा अनुवाद गर्न सक्षम नेतृत्व वा पात्र पनि त्यत्तिकै आवश्यक कुरो रहेछ भनेर छर्लङ्ग पारेको छ ।

**अगुवा नै भँडुवा भएपछि**

नेपालमा बिगत १४ वर्षमा लोकतान्त्रिक गणतन्त्र, समाजवाद, समतामुलक समावेशीता, संघीयता र धर्मनिरपेक्षता जस्ता रूपान्तरणकारी राजनीतिक घोषणाको सापेक्षतामा यसलाई लागू गर्न भनेर नेपाली जनताले छानेका राजनीतिक अगुवाहरु नै धेरै होचा निक्लिए । संविधानको लिखोट र प्रणालीभन्दा यसलाई लागु गर्ने पात्रहरु निकै पुड्का र इमानरहित देखा परे । अगुवा नै भँडुवा भएपछि हरेक स्थानमा जे दुष्परिणाम हुन्छ त्यो नै नेपालको यो अवधिको लोकतन्त्रमा देखा परेको हो । नेपालको राजनीतिको बिगत १४ वर्षको सबैभन्दा भयावह दुखान्त नै यही हो । हामीले दुई हजार वर्ष पुरानो राजतन्त्र त उन्मुलन गर्‍यौं । परन्तु राजनीतिक दलका नेताहरु नै एकसेएक श्रीपेच नलाएका नयाँ निरंकुश राजा बनेर प्रकट भए । हामीले अबको नेपाल समाजवादउन्मुख हुनेछ भनेर संविधानको लिखोटमै लेख्यौं । नेपालका नेताहरूले बिगत डेढ दशकमा नेपाललाई समाजवादतिर लैजाने त टाढाको कुरा रह्यो, राष्ट्रिय पुँजीवादतिर समेत लगेनन्; दलाल तथा भाडाखोर पुँजीवादतिर डोर्‍याए ।

हामीले संविधानको मौलिक हकमै अबउप्रान्त शिक्षा र स्वास्थ्य राज्यको जिम्मामा हुन्छ भनेर लेख्यौं । तर नेपालमा सरकार चलाउने ठूला दलका ठूला नेताहरूले शिक्षा र स्वास्थ्यलाई नाफाखोर ब्यापारीको हातमा घोषित रूपमै सुम्पिदिए । हामीले अबदेखि नेपालको राज्य प्रणाली संघीय ढाँचामा चल्नेछ भनेर संविधानमै लेख्यौं । नेपालका सरकार प्रमुखले राजस्वको ७० प्रतिशत र राजनीतिक-शैक्षिक र आर्थिक

बाँकी ३ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ । प्रेम र मित्रताको बन्धनमा रमाउने समय पनि छ ।

**वृष** :- आज चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ ।

**मिथुन**:- आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान पाउने छन् । छोटो यात्राको सम्भावना पनि रहेको छ ।

**कर्कट** :- आज अध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । पारिवारिक सुख पनि मिल्नेछ ।

**सिंह**:- विचार पुर्‍याएर निर्णय लिनु राम्रो होला । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । दाम्पत्य जीवनमा एक किसिमको निरसता आउन सक्छ ।

**कन्या** :- शुभारम्भको चर्चा चल्नेछ । भौतिक साधन जुटाउने समय छ । व्यवसायको सन्दर्भमा रमाइलो यात्रा होला । अतिथिको रूपमा सत्कार पाइएला ।

**तुला** :- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।

**वृश्चिक** :- विवाद र प्रतिस्पर्धामा सफलता मिल्नेछ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । आधुरा कामसमेत सम्पादन हुनसक्छ ।

**धनु** :- अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ ।

**मकर**:- आज रोकिएका काम पुनः सुरू हुन सक्छन् । जग्गाजमिनको कारोबारबाट राम्रो फाईदा हुनेछ । न्यायिक कार्यमा सफलता मिल्न सक्छ ।

**कुम्भ**:- दबाब र तनाव बढेको महसुस हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । सन्तानपक्षको मायामा कमी आउनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

**मिन** :- आज रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । लामो समयदेखि रोकिएका अधुरा कामहरु पूरा हुनेछन् ।

# फलफूल तथा तरकारी बजारमा सनराइज बैंकको क्युआरकोड सेवा

**लहान** । लहानलाई स्मार्ट बनाउन सनराइज बैंकले आˆ नो सकरात्मक क्रियाकलापलाई अगाडी बढाउने क्रममा लहान शाखाले औपचारिक कार्यक्रम गरेर सहिद चौकमा अवस्थित तरकारी बजारका प्रत्येक पसलमा क्यूआर कोड सेवा सुरूवात गरेको छ ।

सिरहा जिल्लालाई स्मार्ट बनाउने उद्देश्यले सनराइज बैंकले एकैदिन लहानका तरकारी तथा फलफूल पसलहरुमा क्यूआर कोड हस्तान्तरण गरेको छ । शुक्रबार आयोजित औपचारिक कार्यक्रम मार्फत सनराइज बैंक प्रदेश २ का प्रमुख रोहित महासेठको अध्यक्षता तथा जिल्ला उद्योग वाणिज्य संघ सिरहा लहानका अध्यक्ष अशोक लाल अमात्य र शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगाहर्जका संचालक फिरोज शेख र बैंकका कर्मचारीहरूको उपस्तिथीमा



क्यूआर कोड वितरण गरेका छन् । उक्त क्युआर कोड सेवा सुरू भएसँगै उपभोक्ताले तरकारी, फलफूल खरिद गर्दाको रकम क्यूआर कोडबाट भुक्तानी गर्न सक्नेछन् ।

## कटहाका ...

'कोभिडले २०७७ लाई अत्यन्त कठिन तथा संकुचित वातावरण बनाई दिएको थियो । बितेको त्यो वर्षको कटु अनुभवलाई थाँती राखी यामाहाले नयाँवर्ष २०७८ मा ग्राहक वर्गका लागि उत्साह र खुशीयाली लिएर आएको छ।'

'सोही अपेक्षालाई दृष्टिगत गरेर यामाहा नेपालले जुन योजना अघि सारिरहेका छन, त्यसले हाम्रा ग्राहकहरूमा थप खुशीयाली ल्याउने छन् । यामाहा सवारी साधनका दायराहरू आधुनिकरण गर्दै, एफआई प्रविधि जडित छन् । यामाहाका उत्पादन तथा उपहार योजनाबाट धेरै भन्दा धेरै ग्राहकहरूले फाईदा लिनहुने छ भन्ने हामीलाई विश्वास छ ।' नेपालमा फ्युलइन्जेक्टेड मोटर साइकल र फ्युलइन्जेक्टेड स्कूटरहररू उपलब्ध गराउने पहिलो ब्राण्ड बन्दै अत्याधुनिक प्रविधियुक्त २ पाँग्रे सवारी साधनहरूको बजारमा अग्रणी रहँदै आएको यामाहा नेपालको दाबी छ ।

यसै बीच एस.एस अटो सेन्टर ( यामाहा शो रूम) ले ग्राहकवर्गका लागि २०७८ वैशाख १२ गते देखि १७ गते सम्म एक्सचेन्ज सुविधा समेत संचालन गरेका छन् । एक्सचेन्ज अफर अन्तर्गत कुनै पनि कम्पनीको मोटरसाइकल वा स्कुटर ाई एक्सचेन्ज गराउँदा बजारको प्रचलित मूल्यांकन भन्दा थप १५ हजार रूपैयाँ नगद सहित आफ्नो पुरानो मोटरसाइकल वा स्कुटर एक्सचेन्ज गर्न पाउने छन् ।

## उपचार...

मेमोरियल अस्पतालमा उपचारपछि अहिले गोलबजारस्थित एक अस्पातालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी राजेन्द्र श्रेष्ठले बताए ।

## अगुवा...

अधिकारको शतप्रतिशत केन्द्रमै हुने गरी पहिलेभन्दा पनि झन् केन्द्रिकृत शासन प्रशासन चलाए । बिचरा प्रदेश मुख्यमन्त्रीको हालिमुहाली र वर्चस्व जिल्लाको प्रमुख जिल्ला अधिकारी जति पनि हुन दिइएन । संघ, प्रदेश र स्थानीय तहमा संघीय भावनाअनुकूल राजस्व र प्राकृतिक स्रोत बाँडफाँड गर्नको लागि गठित अधिकारसम्पन्न संवैधानिक आयोगलाई नियतपूर्वक नै पंगु बनाइयो । लिखोटमा नेपालका राजनीतिक नेताहरूले अबदेखि राज्यको सबै अंगमा महिला र दलितको उपस्थिति समानुपातिक समावेशी सिद्धान्तअनुसार उसको जनसंख्याको अनुपात मुताबिक हुनेछ भनेर वाचा कबोल गरे । वास्तविकतामा यतिबेला राज्यको मुख्य अंग–संघीय मन्त्री परिषदमै महिलाको उपस्थिति १२ प्रतिशत मात्र छ जुन संविधानमुताबिक हुनुपर्ने भन्दा चार गुणा कम हो । दलितको उपस्थिति त २५ जनाको मन्त्रीपरिषदमा केवल १ जना मात्र छ, त्यो पनि राज्यमन्त्री तहमा मात्र जसलाई खाली नाक जोगाउन र बाना पुर्‍याउन राखिएको भनेमा केही फरक पर्दैन । बाध्यकारी कानुनका कारणले मुश्किलले संघीय ब्यवस्थापिकामा मात्र महिलाको उपस्थिति ३३.५ प्रतिशत हुन सकेको छ भने दलितको ८ प्रतिशत मात्र । तर त्यो पनि संविधानको मौलिक हकमा रहेको लिखोटअनुसार हुनुपर्ने भन्दा निकै थोरै हो । संघीय न्यायालय–सर्बोच्च अदालतमा आज पनि दलितको नामोनिशान छैन भने महिलाको उपस्थिति १९ प्रतिशत मात्र छ जुन हुनुपर्ने भन्दा आधाभन्दा पनि ज्यादा कम हो ।

यो डेढ दशकको अवधिमा प्रगतिशील भूमिसुधारको कार्य थालेर पनि सिध्याउन सम्भव थियो । यसको प्रावधान बिस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमै थियो । यो अवधिमा नेपालमा औद्योगिक क्रान्ति र कृषि क्रान्ति दरिलो ढंगले लागू गर्न सकिन्थ्यो । आवास एबम् शिक्षा र स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन गर्न सम्भव थियो । देशमा चरम गरिबीमा रहेका गरिबहरूको अनुपात प्रभावकारी ढंगल घटाउन सम्भव थियो । यिनै कदम थिए जसले परिवर्तनलाई गाउँमा लैजान्थ्यो, गरिब र गरिखाने बर्गकहाँ लैजान्थ्यो र आम नागरिकलाई बल्ल परिवर्तन र समृद्धिको अनुभूति हुन्थ्यो । देशलाई जगैदेखि बदल्ने र आम नागरिकलाई आफ्नो जीवनस्तरमा तात्विक उन्नति, गरिबी उन्मूलनमा महत्वपूर्ण प्रगति र देशमा क्रान्तिको अनुभूति गराउने काम यिनै कदमले गर्दथे । तर यीमध्ये कुनै कार्य पनि यो बीचमा गरिएन । नेपालभन्दा साधनस्रोतमा निकै गरिब र संसारकै सबैभन्दा गरिबमध्ये एक सिंगापुरले त्यो गरिबीकै स्थितिमा पुँजीवादी सुधारवादी लि क्वान युको अगुवाइमा सन् १९५९ देखि १९९० को अवधिमा सिंगापुर बदल्ने कार्य थालेको थियो जुन उनले तीस वर्षको अवधिमा गरी नै छाडे । चीनमा चरम गरिबीको रेखामुनि रहेका नागरिकको जनसंख्या उसको तथ्यांक बिभागको आधिकारिक आँकडा मुताबिक सन् १९९० सम्म ७३.५ प्रतिशत र सन् २०००सम्म ४९.८ प्रतिशत थियो जुन तात्कालीन नेपालको भन्दा धेरै नै बढी हो । परन्तु उसले पनि ३० वर्षकै अवधिमा यसलाई ग्रामीण भेगमा कृषि क्रान्ति, औद्योगिक क्रान्ति, एबम् नागरिकको रोजगारी, आवास, शिक्षा तथा स्वास्थ्य स्थितिमा आमुल परिवर्तनमार्फत सन् २०१० मा १७.२ प्रतिशत र सन् २०२० सम्ममा नै शून्यमा झारेको छ ।

सन् १९९४ मा जातीय हिंसाले एकै वर्षमा दश लाख भन्दा ज्यादा मानिस मरेको र आर्थिक र राजनीतिक रूपमा बर्बाद भएको अफ्रिकी मुलुक रूवाण्डा पनि अहिले बीसै वर्षको अवधिमा अफ्रिकाको उन्नत राष्ट्र बन्न लाग्दैछ । परन्तु लोकतन्त्रको १४ वर्षको अवधिमा नेपालको आर्थिक उन्नति भने समग्रतामा उकालो लागेको लक्षण देखिँदैन । २०६२/६३ सालमा कुल अर्थतन्त्रको १४ प्रतिशत मात्र रेमिटेन्सबाट आउँथ्यो । तर २०७५/७६ मा पुग्दा अर्थतन्त्रको २५ प्रतिशत हिस्सा रेमिटेन्सबाट आउने स्थिति बनेको छ । मुलुकको रेमिटेन्सप्रतिको निर्भरता भयावह ढंगले बढ्दैछ । अहिले २०७५/७६ मा हामी एक रूपैयाँ बरोबरको सामान निर्यात गर्दा साढे १४ रूपैयाँ बरोबरको सामान आयात गर्छौं । १४ वर्षअघि २०६२/६३ मा हाम्रो अन्तरराष्ट्रिय ब्यापारको स्थिति यो भन्दा धेरै राम्रो थियो । हामी त्यो समयमा कुल एक रूपियाँ बरोबरीको निर्यात गर्दा ३.८८ बरोबरको मात्र आयात गर्थ्यौं । यसको तात्पर्य हाम्रो निर्यात क्षमताको तुलनामा आयातप्रतिको निर्भरता यो अवधिमा काफी बढेको छ ।

संविधानमा लेखिएका अनेकौं प्रगतिशील कुराहरु डेढ दशक बितीसक्दा पनि कार्यान्वयनमै नआएकाले, कतिपय कुरा त लिखोटभन्दा बिल्कुलै बिपरीत दिशामा लागू हुन थाल्नाले अब त्यो कार्यान्वयन हुने आशा आम नागरिकमा मर्दै गएको छ । लोकतान्त्रिक गणतन्त्र, समाजवाद, संघीयता, समावेशीता सबै कागजी कुरा हुन गएका छन् । संविधान आफै कागजको खोस्टोमा परिणत हुन लाग्दैछ । संविधानसभाले जारी गरेको ऐतिहासिक संविधान समेत यसलाई लागू नै नगर्ने वा उल्टो लागू गर्ने राजनीतिक नेताहरूको चरित्रका कारण संकटको भङ्खालेमा जाकिने लक्षण देखा पर्दैछ । पात्रहरूको बदमासीको कारण नेपालको समग्र प्रणाली नै जोखिममा पर्न गएको छ । प्रणालीमै रहेका गम्भीर खोटहरु समेत उदांगो देखा पर्दैछन् ।

### उज्याला झिल्काहरु

त्यसो भनेर बिगत १४ वर्षमा केही पनि राम्रा कुरा भएनन् भन्ने कुरा होइन । यस बीचमा दक्षिण एसियाको कुनै पनि मुलुकको तुलनामा नेपालको मेडिया निकै सशक्त बनेर प्रकट भएको छ । राजनीतिक दलका नेताहरूले गरेको बदमासी र भ्रष्टाचार जनसमक्ष ल्याएर जनमत सिर्जना गर्नमा त्यसले अहम् भूमिका खेल्न थालेको छ । उसैको पर्दाफासको कारणले सरकारले कैयन् गलत निर्णय खारेज गर्न बाध्य भएको घटना बारम्वार देखा परिरहेको छ । भारतमा जस्तो नेपालमा अझै पनि कर्पोरेट मेडियो त्यति धेरै बलवान भइसकेको छैन । तर बलवान भने हुँदैछ । त्यसपछि मेडियाको यो भूमिकामा काफी परिवर्तन देखा पर्न सक्छ ।

यो अवधिमा नेपालमा स्वतन्त्र समालोचक वौद्धिकहरूको जमात पनि सानो रहेन । त्यसको अधिकांश हिस्सा प्रतिपक्षको भूमिकामा जनमत सिर्जनाकर्ता बनेर प्रस्तुत भइरहेको छ । मेडियासित एकीकृत भएर त्यो वौद्धिक समुदायले बेठिक अनुचित र कार्य गरिरहेको संस्थापन पक्षलाई जहाँको तहिँ रोक्न जुन भुमिका खेलिरहेको छ त्यो समकालीन नेपाली लोकतन्त्रको सुन्दरता हो । नागरिक आन्दोलन नेपालमा दक्षिण एसिया र एसियाको कुनै पनि मुलुक भन्दा सशक्त रहेको छ । सोच र संस्कृतिका हिसाबले त्यो राजनीतिक दलभन्दा धेरै अग्रगामी छ र ब्यापक जनसमर्थन प्राप्त पनि छ । बीचमा त्यो लामो समय सेलाएको थियो तर अहिले पुनः एकीकृत र जागृत भएर देखापरेको छ जुन नेपाली राजनीतिको घना कालो बादलमा देखा परेको चाँदीको घेरो हो । हरेक दलमा मुख्य संस्थापन पक्षसित विचार बझाएर आलोचनात्मक ढंगले बोल्ने र मूल नेतृत्वलाई समय समयमा सोच र बाटो नै बदल्न विवश पार्ने नेता/कार्यकर्ताहरु पनि प्रत्येक दलमा देखिएका छन् । तिनको संख्या केही समयअघि प्रत्येक दलमा ठूलो

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३–५६५४६८<br>९८१६७३७३३१ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# नरहा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
नरहा,सिरहा
प्रदेश नं.२, नेपाल

## सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति :२०७८।१।१२

**नरहा गाउँपालिका वडा नं.३ मा संचालित हुने आधारभुत स्वास्थ्य केन्द्रका लागि २०७८ असार मसान्त सम्मका लागि सेवा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएकाले देहायका पदका लागि देहाय बमोजिमको योग्यता प्राप्त इच्छुक नेपाली नागरिकहरुबाट तोकिए बमोजिमको स्वीकृत फर्मेटमा रितपूर्वक सूचना प्रकाशित मितिले १५ दिन भित्र दरखास्त पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

### तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | आवेदन दस्तुर (रु) |
|---|---|---|---|---|---|
| १. | ७-२०७७/०७८ | अ.हे.व. | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट C.M.A.वा सो सरह उत्तिर्ण गरेको । | ६००।- |
| २. | ८-२०७७/०७८ | अ.न.मि. | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट A.N.M.वा सो सरह उत्तिर्ण गरेको । | ६००।- |
| ३. | ९-२०७७/०७८ | का.स. | १ | साधारण लेखपढ गर्न सक्ने । | ५००।- |

१. न्यूनतम शैक्षिक योग्यता :- माथि उल्लेखित भए अनुसार हुने छ । उमेरको हद स्वास्थ्य सेवा ऐन तथा नियमावली अनुसार हुनेछ ।
२. दरखास्त दिने अन्तिम मिति :-२०७८/०१/२६ गते सम्म सो दिन विदा भएमा सो पश्चातको कार्यालय खुल्ने दिन ।
३. दरखास्त दिने स्थान :-नरहा गाउँपालिकाको कार्यालय नरहा,सिरहा
४. आवश्यक कागजातहरु :-
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
- एस.एल.सी.र सो देखि माथि विज्ञापन अनुसारको शैक्षिक योग्यता तथा विषयगत परिषद्‌मा दर्ता भएको सम्पूर्ण प्रमाणपत्रहरुको प्रतिलिपी ।
- कार्य अनुभव भए सो सम्बन्धि प्रमाणपत्रहरुको प्रतिलिपी ।
- पासपोर्ट साइजको ३ प्रति फोटो ।

५. छनौट विधि/परिक्षाको किसिम :-लिखित वा अन्तर्वार्ता वा दुबै परिक्षाका माध्यमबाट ।
६. सेवा, शर्त र सुविधा :-
(क) तलब :नेपाल सरकारको प्रचलित स्केल बमोजिम ।
(ख) अन्य सेवा सुविधा र शर्तहरु गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
७. पदावधि :-२०७८ असार मसान्त सम्म
८. आवेदन दस्तुर :-नरहा गाउँपालिकाको राजश्व उप-शाखामा सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
९. परिक्षा केन्द्र :-नरहा गाउँपालिकाको कार्यालय,नरहा सिरहा ।
१०. सम्पर्क मिति :-सूचना प्रकाशन भएको १६ औं दिन ।
११. थप जानकारीको लागि सम्पर्क नं.:- ९८५२८२५२०५

छ । त्यसको अन्त गर्नु नितान्त हतार भएको छ । करोडौं रूपैयाँ खर्च नगरीकन कुनै पनि तहको जनप्रतिनिधि नै हुन नसक्ने बर्तमान स्थितिको अन्त गर्नु पनि त्यत्तिकै आवश्यक भएको छ । त्यही करोडौंको खर्चले एकातिर भ्रष्टाचार गर्न प्रत्येक जनप्रतिनिधिलाई उत्प्रेरित गर्छ भने अर्कोतिर कम्युनिस्ट क्रान्तिकारीलाई समेत केही वर्षमै पुँजीवादी सुधारवादीमा रूपान्तरित पनि गर्छ । कुनै निम्न बर्गको गरिब मानिस जनप्रतिनिधिमूलक संस्थामा चुनिएर जानै सक्दैन । कम्युनिस्ट होस् वा कांग्रेस, ठेकेदार, डन वा ठूला पुँजीपतिको शरणमा जान विवश पार्ने पनि यही कुराले हो ।

कार्यकारिणी प्रमुखले बाटो बिरायो भने ब्यवस्थापिका र न्यायपालिकालाई नै निस्तेज तुल्याउने वा सेटिङ मिलाएर आफू अनुकूल बनाउने दोष र सम्भावना रहेको बर्तमान संसदीय प्रणालीको प्रगतिशील परिवर्तनको बिकल्प सोच्न त्यत्तिकै आवश्यक भएको छ । त्यो बिकल्प यस्तो होस् कि कार्यपालिका, न्यायपालिका, र ब्यवस्थापिका तीनवटै एकअर्काको परिपूरक र शक्ति सन्तुलनकर्ताको हिसाबले एउटै दिशामा हिँडून् र ती स्वतन्त्र र शक्तिशाली होउन् तर ती सिधै जनताप्रति उत्तरदायी पनि होउन् जो अहिले छैन । उनीहरु जनताले चाहेको बेला फिर्ता गर्नसक्ने ढंगले होउन् ताकि नियन्त्रणको डोरी आम जनतासित होस् । कार्यपालिका, ब्यवस्थापिका, र न्यायपालिका– तिनवटै अंगमा सर्बोच्च जनता हुनुपर्छ, राज्यका ती अंग होइन । यसका लागि आजको संसदको बहुमतले प्रधानमन्त्री चुन्ने संसदीय प्रणालीको स्थानमा कार्यपालिकाको प्रमुख र उपप्रमुख अर्थात राष्ट्रपति र उपराष्ट्रपति १८ वर्ष पुगेका सबै मतदाताबाट सिधै निर्वाचित हुने ब्यवस्था गरिनु पर्दछ । उसले आफ्नो मन्त्री र सहयोगीहरूको टिम बिषय बिज्ञबाट मात्र लिने प्रबन्ध गरिनु पर्छ । न्यायपालिका क्षेत्रमा ठूलो परिवर्तन आवश्यक भएको छ । अबदेखि बिषय विज्ञताको आधारमा हरेक तहको प्रधान, मुख्य वा साधारण न्यायाधीशको चुनाव पनि आम नागरिकले नै सिधै गरून् । एक तिहाइ न्यायाधीश चाहिँ प्रधान न्यायाधीश वा मुख्य न्यायाधीशले बिषय बिज्ञताको आधारमा आफै छनोट गर्ने अधिकार होस् । तर न्यायाधीश भ्रष्ट भएमा वा कार्य सक्षमता नदेखाएमा प्रधान न्यायाधीश वा मुख्य न्यायाधीशलाई सम्वन्धित तहको ब्यवस्थापिकाको दुईतिहाइ बहुमतबाट वा आकस्मित जनमत संग्रहको साधारण बहुमतबाट र अरू न्यायाधीशलाई ब्यवस्थापिकाको साधारण बहुमतबाट हटाउन सकिने ब्यवस्था होस् । यसो गर्दा न्यायापालिकामा कार्यपालिकाको प्रभाव पर्न पाउँदैन । सेटिङ मिलाएर राष्ट्रपतिले न्यायाधीश बनाउने सम्भावना पनि हुँदैन । न्यायालय शक्तिशाली र स्वतन्त्र हुनजान्छ तर जनताप्रति उत्तरदायी पनि हुन जान्छ । खोट र दोष अरू पनि होलान् । परन्तु फेरि पनि नेपालमा अभाव स्रोतसाधनको होइन, इमान्दार र अठोटपूर्ण नेतृत्वको हो । हाम्रो प्रणालीमा रहेका मुख्य खोटको सम्बोधनको हो ।**साभार : शिलापत्रबाट**

## जनहितमा जारी सूचना

- जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद,बसाई-सराई जस्ता घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौ/गराऔं ।
- विकास निर्माणको काम उपभोक्ता समिति मार्फत जनसहभागीतामा समयमै सम्पन्न गरेर फर्छ्यौट गरौं अर्थात विकास निर्माण काममा बिलम्ब नगरौं ।
- कृषि पशुपालनमा युवा सहभागीता बढाएर स्वरोजगार सृजना गरौं ।
- छोरा छोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोट-बिरुवा रोपौं, हरियाली बढाऔं ।
- सीप सिकौं स्वावलम्बी बनौं ।
- भुकम्प प्रतिरोधी संरचना निर्माण गरौं, सुरक्षित जीवन यापन गरौं ।
- हिंसा मुक्त परिवार हामी सबैको सरोकार ।
- पिउने पानी उमालेर वा फिल्टर गरेर मात्र पिउने गरौं ।
- बालविवाह रोकौं छोरीको भविष्य आजै देखि सोचौं ।
- आफ्नो घर आंगन सफा राखौं ।

४ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
५ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
११ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
२२ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
१७ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
१६ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
१९ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
१८ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा

## अगुवा...

थियो । नेकपा एमालेमा सबैभन्दा ठूलो थियो । अहिले त्यो धेरै साँघुरिएको छ । परन्तु त्यसको उपस्थिति समाप्त नै भइसकेको छैन । त्यो कमजोर भए पनि अस्तित्वमा छ र बेला बेलामा राजनीतिलाई सही बाटोमा लैजान दबाबशक्तिको रूपमा भूमिका खेली रहन्छ । त्यही दबाब शक्तिले कहिले संसद बिघटन गर्दा पनि अन्यमनस्क रहेको शेरबहादुर देउबालाई सडक आन्दोलनमा जान बाध्य बनाउँछ ; कहिले माधव कुमार नेपाललाई पानी बाराबार गरिसकेको केपी ओलीलाई उनैसित तुरून्त सम्वाद गर्न विवश पार्छ । यो आजको नेपाली लोकतन्त्रको उज्यालो झिल्का हो । आवश्यकता प्रणालीमै रूपान्तरणको राजनीतिलाई पेशा बनाउने प्रणाली नेपालमा भ्रष्टाचारको मुल जरा बनेर रहेको

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, सल्लाहकार सम्पादक : उद्धव हमाल, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्र. चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)